# बेरुजु फस्यौंट अनुगमन समिति

## आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन

२०८३ वैशाख

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं।

# मन्तव्य

सार्वजनिक कोषको विधिसम्मत एवं प्रभावकारी सदुपयोग नै वित्तीय सुशासनको मूल आधार हो। आर्थिक प्रशासनको कुशल व्यवस्थापनबाट सरकारप्रति जनविश्वास अभिवृद्धि हुन्छ। कतिपय सन्दर्भमा आर्थिक प्रशासनको सवालमा देखिने बेरुजुलाई आर्थिक विचलन तथा अनियमितताको रूपमा समेत लिने गरिएको पाइन्छ। अख्तियार प्राप्त अधिकारीले आर्थिक कारोबार सञ्चालन गर्दा बेरुजु नहुने तर्फ क्रियाशील रहनु पर्दछ। आर्थिक प्रशासन सञ्चालनका लागि निर्माण भएका कानून तथा कार्यविधिको कार्यान्वयन तथा परिपालनामा निष्ठा, इमान्दारिता एवं सदाचारिता नै बेरुजु नियन्त्रणको लागि सार्थक प्रयास मानिन्छ। कार्य जिम्मेवारी पालना गर्ने क्रममा यदाकदा देखिने बेरुजु फस्यौंट गर्न आर्थिक कारोबार सञ्चालन गर्ने व्यक्ति र बहालवाला पदाधिकारी अविच्छिन्न उत्तराधिकारी हुने हुँदा नैतिक रूपमा विगतका बेरुजु समेत फस्यौंट गर्न सचेत र जिम्मेवार हुनुपर्दछ। यसैकारण बेरुजु फस्यौंटको प्रगतिलाई नेपाल सरकारले कार्यसम्पादन सूचकमा समावेश गर्दै आएको छ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूले हरेक वर्ष बेरुजुको अङ्क बढ्दै गएको देखाएको छ। यसरी बेरुजुको अङ्क बढ्दै जानुमा लक्ष्य निर्धारण गर्दा वास्तविक अवस्था र कार्यान्वयन क्षमता विचार नगर्नु, कानूनबाट निर्धारित प्रक्रिया पूरा नगरिनु, कतिपय अवस्थामा कानूनी अस्पष्टता रहनु, प्रशासकीय अधिकारीले समयमा सही निर्णय नलिनु, स्वविवेकीय निर्णय उद्देश्यअनुरूप नहुनु, आन्तरिक नियन्त्रण कमजोर हुनु जस्ता विषय प्रमुख रूपमा उठाएको पाइन्छ। बढ्दो बेरुजुप्रति हामी सबै गम्भीर हुनैपर्छ। महालेखापरीक्षक र अन्य संवैधानिक निकायका सुझावलाई कार्यान्वयन मात्र होइन, हाम्रो कार्यसंस्कृति र कार्यव्यवहार समेत परिवर्तन हुनु आवश्यक छ। बेरुजु आउन नदिने गरी काम गर्नु हाम्रो कर्तव्य हो। कर्तव्य पालनाको सिलसिलामा कुनै बेरुजु आएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्थाबमोजिम समयमै फस्यौंट र सम्परीक्षण हुनु आवश्यक छ। कार्यक्षेत्रमा देखिएको द्विविधाको कारण विगत वर्षहरूमा बेरुजु फस्यौंट तथा सम्परीक्षण अपेक्षित हुन सकेको थिएन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा मिति २०८१/१२/१८ गते गरिएको संशोधनबाट बेरुजु फस्यौंट तथा सम्परीक्षण कार्य नियमित रूपमा हुन थालेको छ। आर्थिक वर्ष २०८१/०८२ को बेरुजु फस्यौंट गर्न यस समितिको निर्णयबाट मन्त्रालय/केन्द्रीय निकाय/मातहतका निकायले २०८२ असार मसान्तसम्म कुल कायम बेरुजुको कम्तीमा ६० प्रतिशत फस्यौंट गर्न लक्ष्य तोकी

कार्यसम्पादन गर्ने नीति लिएको भएतापनि सरोकारवाला सबैको सार्थक सहभागिता तथा क्रियाशीलता हुन नसक्दा अपेक्षित नतिजा हासिल हुन नसकेको तितो यथार्थ हाम्रो सामु छ।

अन्त्यमा, बेरुजु फस्यौंट गर्ने/गराउने कार्यलाई प्राथमिकतामा राखी प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सम्बन्धित निकायका कर्मचारी, सम्परीक्षण गरी फस्यौंट गराउन सहयोग गर्ने महालेखापरीक्षकको कार्यालयका कर्मचारी, सार्वजनिक लेखा समिति र आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने बेरुजु फस्यौंट अनुगमन समितिका कर्मचारी लगायत सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु। आगामी वर्ष बेरुजु फस्यौंट कार्यमा संलग्न सरोकारवाला सबैको अर्थपूर्ण सक्रियताबाट आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्वको परिपालनाको बढोत्तरी हुनेछ भन्ने विश्वास लिएको छु।

सुमनराज अर्याल
मुख्य सचिव एवं अध्यक्ष
बेरुजु फस्यौंट अनुगमन समिति

# लेखकीय

सक्षम एवं गतिशील सार्वजनिक प्रशासनका लागि सार्वजनिक स्रोत-साधनको कुशलतम परिचालन तथा व्यवस्थापन अपरिहार्य हुन्छ। सार्वजनिक कोषको सदुपयोगको सवालमा वित्तीय जवाफदेहिता, पारदर्शिता र अनुशासन मुख्य आधारस्तम्भ हुन्। प्रचलित कानून, नियम, मापदण्ड, उपलब्ध स्रोतको कार्यान्वयन, मार्गदर्शनको परिपालनाका साथै विनियोजित बजेट र उपलब्ध स्रोतको औचित्यपूर्ण तथा विवेकसम्मत उपयोग र परिपालनाबाट नै बेरुजु न्यूनीकरण गर्न सकिन्छ। बेरुजु शून्य गराउनु वित्तीय सुशासनको नमुना पनि हो।

महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल लेखापरीक्षण सम्पन्न गरिएको अङ्कमध्ये रु. ९१ अर्ब ५९ करोड ७९ लाख बेरूजु औंल्याएको छ, जुन गत आर्थिक वर्षको तुलनामा ९.४५ प्रतिशत बढी हो। यस सन्दर्भमा बेरुजु फर्स्यौट तथा सम्परीक्षणको कार्यलाई सक्रियतापूर्वक अगाडि बढाउन सरोकारवाला सबैको सार्थक एवं सिर्जनशील भूमिकाको खाँचो पर्दछ।

यो प्रतिवेदन मुख्यतः बेरुजु फर्स्यौट अनुगमन समितिको मिति २०८१।१।७ को निर्णयबमोजिम महालेखापरीक्षकको कार्यालयबाट प्रकाशित ६२ औं वार्षिक प्रतिवेदन र सङ्घीय सरकार मातहतका मन्त्रालय, विभाग तथा निकायहरूबाट प्राप्त तथ्याङ्कको आधारमा तयार गरिएको छ। यो प्रतिवेदन नेपाल सरकारका अनुसन्धानकारी कार्यालय तथा पदाधिकारीलाई बेरुजु घटाउँदै लैजान र यस विषयमा चासो राख्नुहुने सम्बन्धित सबैको लागि उपयोगी सिद्ध हुने विश्वास लिएको छु।

अन्त्यमा, प्रतिवेदन तयारीमा मार्गदर्शन गर्नुहुने नेपाल सरकारका मुख्य सचिव, अर्थ सचिव लगायतका बेरुजु फर्स्यौट अनुगमन समितिका पदाधिकारीहरू र प्रतिवेदन लेखन कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभाव तथा संलग्न समितिका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

टंक प्रसाद पाण्डेय
सहसचिव एवं सदस्य सचिव
बेरुजु फर्स्यौट अनुगमन समिति

## विषय सूची


परिचय........................................................................................................................१

बेरुजु फस्यौंट अनुगमन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन ....................................२

२०८२ वैशाख ७ गते बसेको बैठक र निर्णयहरूः.........................................................................................४

सङ्घीय कार्यालयको लेखापरीक्षण अङ्क र बेरुजुको तुलनात्मक अवस्था (विगत १० वर्षको  प्रवृत्ति)..................५

सङ्घीय कार्यालयको बेरुजु अङ्क र सम्परीक्षण अङ्कको अवस्था (विगत १० वर्षको प्रवृत्ति) ..............................७

आर्थिक वर्ष २०८०/०८१ मा शून्य वा कम बेरुजु कायम भएका पाँच मन्त्रालय तथा निकायहरू- .............. १०

आर्थिक वर्ष २०८०/०८१ मा धेरै बेरुजु कायम भएका पाँच मन्त्रालय तथा निकायहरूः ............................ ११

बेरुजु फस्यौंटमा देखिएका चुनौतीहरूः.................................................................................................. १२

बेरुजु फस्यौंटको लागि विभिन्न निकायले गर्नुपर्ने कामहरूः .................................................................. १२

बेरुजु फस्यौंट अनुगमन समितिमा कार्यरत जनशक्तिः........................................................................... १४

मन्त्रालयगत/निकायगत बेरुजुको अवस्थाः...........................................................................अनुसूची -१०

सार्वजनिक लेखा समितिमा भएको मन्त्रालयगत/निकायगत बेरुजु छलफलको अवस्थाः....................अनुसूची-१००

# परिचय

वित्तीय व्यवस्थापन र सार्वजनिक जवाफदेहिता सुशासनको आधारशिला हो। जुनसुकै सरकारी कोषमा प्राप्त हुने रकम सञ्चित कोषमा जम्मा गरिनुपर्दछ। उक्त कोषबाट रकम निकासा तथा खर्च गर्दा कानूनले निर्दिष्ट गरेको रीत पुगेको हुनु पर्दछ। स्वच्छ आर्थिक प्रशासनको लागि मुलुकको मौजुदा नियम, कानून पर्याप्त छन्। यद्यपि, दिनानुदिन बेरुजु बढ्दै गइरहेको छ। यसै तथ्यलाई मध्यनजर राखी राष्ट्रसेवक कर्मचारीले आर्थिक प्रशासन सञ्चालनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता तथा औचित्यता समेतलाई ध्यानमा राखी कानूनी प्रक्रिया अवलम्बन गरी आर्थिक कारोबार सञ्चालन गर्नुपर्दछ।

देशमा वित्तीय अनुशासन कायम गराउन विभिन्न ऐन नियमहरू प्रचलनमा रहेका छन्। प्रचलित नियम कानूनले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम रकम प्राप्त गर्नु र खर्च गर्नु सबैको कर्तव्य हो। निर्दिष्ट गरिएको नियम कानूनको पालनाका क्रममा कतिपय परिस्थितिजन्य कारणले बेरुजु देखिन सक्छ। त्यस्ता बेरुजुहरू समयमै फस्यौंट गर्न जिम्मेवार निकाय र पदाधिकारी सदैव तत्पर रहनुपर्दछ।

बेरुजु परिमाण बढ्दै गएको तुलनामा फस्यौंट अङ्क न्यून रहेको कारण आर्थिक प्रशासन चुस्त दुरुस्त हुन नसकेको जनगुनासो व्यापक छ। बेरुजु बढ्नुले आर्थिक अनुशासन राम्रो छ भन्ने देखिदैन। त्यसकारण सोको निराकरणको लागि विगतमा सरकारी रकम असुल फस्यौंट नियम, २०४७ बमोजिम बेरुजु फस्यौंट मूल्याङ्कन र अनुगमन समिति गठन भई काम गर्दै आइएको थियो ।आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम (१०१) ले बेरुजु सम्बन्धमा अनुगमन गरी वेरुजुसम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउन नेपाल सरकारले **"बेरुजु फस्यौंट मूल्याङ्कन र अनुगमन समिति"** गठन गर्न सक्ने व्यवस्थाअनुसार उक्त समिति गठन भई काम गर्दै आएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को प्रावधानअनुसार उक्त समितिलाई रूपान्तरण गरी **"बेरुजु फस्यौंट अनुगमन समिति"** नामाकरण गरेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९३ बमोजिम गठित समितिले अनुगमन र मूल्याङ्कनको माध्यमबाट बेरुजु फस्यौंट कार्यमा प्रभावकारिता ल्याउन क्रियाशील रहेको छ। यो प्रतिवेदनको उद्देश्य आर्थिक कारोबार सञ्चालन गर्दा बेरुजु आउनै

नदिने गरी सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरेर इमानदारीपूर्वक सञ्चालन गर्ने र यदि कुनै कारणले बेरुजु देखिएमा शीघ्र फस्यौंट गर्ने संस्कारको विकास होस् भन्ने रहेको छ।

## बेरुजु फस्यौंट अनुगमन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन

### १. बेरुजु फस्यौंट अनुगमन समितिको गठनः

कार्यालयले गरेको बेरुजु फस्यौंटको अनुगमन गरी बेरुजु फस्यौंटसम्बन्धी काम कारबाहीमा प्रभावकारिता ल्याउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९३ मा देहायबमोजिमको बेरुजु फस्यौंट अनुगमन समिति गठन गरिएको छ-

| | | |
|---|---|---|
| (क) मुख्य सचिव, नेपाल सरकार | - | अध्यक्ष |
| (ख) सचिव, अर्थ मन्त्रालय | - | सदस्य |
| (ग) महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | - | सदस्य |

### २. समितिको काम, कर्तव्य र अधिकारः

उक्त नियममा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ-

(क) मन्त्रालय, केन्द्रीय निकाय, विभाग वा कार्यालयले गरेको बेरुजु फस्यौंटसम्बन्धी काम कारबाहीको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,

(ख) कायम भएको बेरुजु कम फस्यौंट गर्ने वा फस्यौंट नगर्ने मन्त्रालय, केन्द्रीय निकाय वा विभागको प्रमुखलाई समितिमा उपस्थित गराई छलफल गर्ने,

(ग) कायम भएको बेरुजु फस्यौंट नगर्ने वा नगराउने कार्यालय प्रमुख र कर्मचारीहरूलाई मूल्याङ्कनको आधारमा कारबाहीको लागि सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने,

(घ) दिइएको निर्देशन माथि कारबाही गरेको नपाइएमा लेखा उत्तरदायी अधिकृत उपर विभागीय कारवाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ङ) सम्बन्धित मन्त्रालय, केन्द्रीय निकाय विभागलाई बेरुजु फस्यौंट गर्न आवश्यक निर्देशन दिने,

(च) बेरुजु फस्यौंटसम्बन्धी कारवाही शुरू गरे वा नगरेको अनुगमन गर्ने,

(छ) असुलउपर गर्नुपर्ने भनी ठहऱ्याइएको बेरुजु तोकिएको समयभित्र असुल उपर गरे वा नगरेको तथा  कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाए वा नपठाएको सम्बन्धमा अनुगमन गर्ने,

(ज) सम्बन्धित कार्यालय, केन्द्रीय निकाय वा विभागबाट असुलउपर वा नियमित भएको र पेश्की बेरुजु अङ्क समेत खुलाई तोकिएको ढाँचामा प्रगति विवरण माग गरी अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सङ्घीय संसदको सार्वजनिक लेखा समितिमा पेश गर्ने।

## ३. समितिको बैठक र निर्णयः

बेरुजु फस्यौंट अनुगमन समितिको बैठक मुख्य सचिवको निर्देशनमा सदस्य सचिवले बोलाउने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९३ बमोजिमको यस समितिमा सदस्य सचिवको व्यवस्था नरहेकोले समितिको मिति २०७७ फागुन २१ गतेको बैठकले यस समितिको सचिवालयको प्रमुखको रूपमा कामकाज गर्न अर्थ मन्त्रालय वा मातहत निकायमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिवस्तरको कर्मचारीलाई तोक्ने निर्णय गरेको र सोही निर्णयको आधारमा अर्थ मन्त्रालयले प्रशासन महाशाखा प्रमुखलाई सदस्य सचिव तोकेको छ। बेरुजु फस्यौंट अनुगमन समितिको मिति २०७८ भदौ १८ गतेको बैठकले देहायबमोजिमका सचिवहरूलाई  स्थायी आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्ने निर्णय गरेको थियो।

क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
ख) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय,
ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिक्षा प्रशासन हेर्ने सचिव)
घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (प्रशासन क्षेत्र हेर्ने सचिव)

आर्थिक वर्ष २०८१/८२ मा बेरुजु फस्यौंट अनुगमन समितिको बैठक मिति २०८१ माघ ११ गते र आर्थिक वर्ष २०८२/८३ मा मिति २०८२ वैशाख ७ गते बसेको थियो। मिति २०८१ माघ ११ गते बसेको बैठकका निर्णय देहायबमोजिम रहेका थिए-

१. मन्त्रालय तथा केन्द्रीय निकायहरूको बेरुजुको वर्तमान अवस्थाबारे जानकारी प्राप्त भयो। कायम बेरुजु फस्यौंट, सम्परीक्षण र लगत कट्टा गर्ने सम्बन्धमा देखिएका कानूनी द्विविधा अन्त्य गर्न आवश्यक पहल गर्ने निर्णय गरियो।

२. सार्वजनिक लेखा समितिको पत्रअनुसार महालेखापरीक्षकको वार्षिक प्रतिवेदन समावेश भएको बेरुजुको सम्परीक्षण गर्ने विषय रोकिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को पहिलो संशोधन २०८१ मिति २०८१।१२।१८ मा स्वीकृत भएपश्चात् महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण र लगत कट्टा हुने विषय टुङ्गो लागेको थियो।

**२०८२ वैशाख ७ गते बसेको बैठक र निर्णयहरू:**

**छलफलका विषयहरू**

- महालेखापरीक्षकको ६१ औं प्रतिवेदनसम्मको मन्त्रालयगत बेरुजुको वर्तमान अवस्थाबारे जानकारी लिने ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको संशोधनबमोजिम बेरुजु फस्यौंट गराउने ।
- बेरुजु फस्यौंट गर्न मन्त्रालय तथा निकायलाई लक्ष्य तोक्ने सम्बन्धमा ।
- बेरुजु फस्यौंट अनुगमन समितिका कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा ।

**(ख) निर्णयहरू:**

१. बेरुजुको वर्तमान अवस्थाबारे जानकारी भयो। मन्त्रालय तथा केन्द्रीय निकायहरूले ७ दिनभित्र आफ्नो र मातहतका निकायको बेरुजु फस्यौंटको स्पष्ट कार्ययोजना तयार गरी सचिवालयमा पठाउने, बेरुजु फस्यौंट गर्ने कार्यलाई तदारुकताका साथ अघि बढाउन सबै मन्त्रालय तथा निकायहरूमा लेखी पठाउने।

२. विगत करिब तीन वर्षदेखि केही कानूनी र संस्थागत द्विविधाका कारण बेरुजु फस्यौंट, सम्परीक्षण र लगत कट्टा हुन नसकेको सन्दर्भमा संशोधित कानूनी व्यवस्थाबमोजिम मन्त्रालय तथा निकायबाट पेश भएको प्रमाण कागजातको आधारमा लक्ष्यबमोजिम सम्परीक्षण र लगत कट्टा गर्न ७ (सात) दिनभित्र महालेखापरीक्षकको कार्यालयलाई

अनुरोध गर्ने। मन्त्रालय तथा केन्द्रीय निकायबाट बेरुजु फस्यौंट र लगत कट्टाका लागि के कति रकम महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गरिएको थियो, त्यसको प्रगति विवरण आगामी सचिव बैठकमा पेश गर्ने।

३. बेरुजु फस्यौंट गर्न मन्त्रालय तथा केन्द्रीय निकाय र मातहतका निकायलाई २०८२ असार मसान्तसम्म कुल बेरुजुको कम्तीमा ६० प्रतिशत अंक फस्यौंट गर्ने लक्ष्य तोकी कार्यसम्पादन गर्ने।

४. बेरुजु फस्यौंट अनुगमन समिति र मन्त्रालय तथा केन्द्रीय निकायमा रहेको बेरुजुसँग सम्बन्धित जनशक्तिको पदपूर्ति गर्न २०८२ असार मसान्तसम्मका लागि सहमति दिने र निजहरूको कार्यसम्पादनको आधारमा २०८२ असार मसान्तपछि म्याद थप गर्ने व्यवस्था मिलाउने।

**(ग) निर्णयपछि भएका मुख्य मुख्य कार्यहरूः**

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ संशोधन भई बेरुजु फस्यौंटको काम सुचारु भएको,

२. सबैजसो मन्त्रालय तथा निकायहरूले बेरुजु फस्यौंटको कार्ययोजना तयार गरी कार्यान्वयन गरेको,

३. बेरुजुको प्रकृतिअनुसार असुल, नियमित गर्ने काम कारबाहीको शुरूवात भएको,

४. बेरुजुको सम्परीक्षण भई आर्थिक वर्ष २०८१/२०८२ मा रु. ३९ अर्ब ६० करोड ७५ लाख ९१ हजारको सम्परीक्षण तथा लगतकट्टा भएको छ। यसको विस्तृत विवरण अनुसूची -१० मा देखाइएको छ।

**सङ्घीय कार्यालयको लेखापरीक्षण अङ्क र बेरुजुको तुलनात्मक अवस्था (विगत १० वर्षको प्रवृत्ति)**

(रु.करोडमा)


| क्र.सं. | आर्थिक वर्ष | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | ०७१/७२ | १०४३२४ | ४८७८ | ४.६८ |
| २ | ०७२/७३ | १२९५४५ | ८८८६ | ६.८६ |
| ३ | ०७३/७४ | १७५२९२ | ९४८२ | ५.४१ |

| क्र.सं. | आर्थिक वर्ष | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत |
|---|---|---|---|---|
| ४ | ०७४/७५ | २००८८४ | १०६३३ | ५.२९ |
| ५ | ०७५/७६ | १७४२८७ | ७१०६ | ४.०८ |
| ६ | ०७६/७७ | १५५५८१ | ४४३९ | २.८५ |
| ७ | ०७७/७८ | २८०९१७ | ४९४७ | १.७६ |
| ८ | ०७८/७९ | २३५६३३ | ५६३१ | २.३९ |
| ९ | ०७९/८० | २४६१११ | ४६५४ | १.८९ |
| १० | ०८०/८१ | ३१०६१६ | ४७७४ | १.५४ |
| वार्षिक औसत बेरुजु प्रतिशत | | | | ३.६८ |

स्रोतः महालेखापरीक्षकको विभिन्न आर्थिक वर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन

माथिको तालिका विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ देखि बेरुजु रकम तुलनात्मक हिसाबले घट्दो प्रवृत्तिमा रहेको देखिन्छ। विगत १० वर्षको बेरुजु प्रवृत्ति अध्ययन गर्दा आर्थिक वर्ष ०७२/७३ मा सबैभन्दा बढी ६.८६ प्रतिशत बेरुजु कायम भएको देखिन्छ। आर्थिक वर्ष ०८०/८१ मा सबैभन्दा कम १.५४ प्रतिशत कायम भएको देखिन्छ। विगत १० वर्षको बेरुजुलाई विश्लेषण गर्दा औसतमा ३.६८ प्रतिशत बेरुजु कायम भएको देखिन्छ। उपर्युक्त तथ्याङ्कबाट बेरूजुको अङ्क क्रमशः कम हुँदै जानुमा सार्वजनिक खरिद ऐन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको सबल कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणालीमा सुधार, विद्युतीय खरिद प्रक्रियाको अवलम्बन, सार्वजनिक खरिद अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार, वित्तीय अनुशासन र महालेखापरीक्षकको समन्वयात्मक भूमिका लगायतका पक्षहरू रहेका छन्। उक्त विषयलाई देहायअनुसार रेखाचित्रको माध्यमबाट प्रस्तुत गरिएको छ-

**रेखाचित्र प्रस्तुतिः  सङ्घीय कार्यालयको लेखापरीक्षण अङ्क र बेरुजुको तुलनात्मक अवस्था (विगत १० वर्षको प्रवृत्ति  प्रतिशतमा)**




चार्ट १

**सङ्घीय कार्यालयको बेरुजु अङ्क र सम्परीक्षण अङ्कको अवस्था (विगत १० वर्षको प्रवृत्ति)**


(रु.करोडमा)

| क्र.सं. | आर्थिक वर्ष | बेरुजु अङ्क | सम्परीक्षण/फर्स्यौट अङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | ०७१/७२ | ९०८७ | २७२४ | २९.९८ |
| २ | ०७२/७३ | ५०४० | ४५९ | ९.११ |
| ३ | ०७३/७४ | १६७४९ | ४८८६ | २९.१७ |
| ४ | ०७४/७५ | २१३६७ | ४६४८ | २१.७५ |
| ५ | ०७५/७६ | २८६०० | ८३४८ | २९.१९ |
| ६ | ०७६/७७ | २७३५८ | ८५४४ | ३१.२३ |
| ७ | ०७७/७८ | २३२५४ | ३४८७ | १५.०० |
| ८ | ०७८/७९ | २४७१४ | ७२९ | २.९५ |
| ९ | ०७९/८० | २९६१३ | ० | ०.०० |
| १० | ०८०/८१ | ३४२६७ | १४९४ | ४.३६ |
| | | | वार्षिक औसत सम्परीक्षण प्रतिशत | १७.२७ |

स्रोतः महालेखापरीक्षकको विभिन्न आर्थिक वर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन

माथिको तालिका विश्लेषण गर्दा आर्थिक वर्ष ०७६/७७ मा ३१.२३ प्रतिशत बेरुजु सम्परीक्षण भएको देखिन्छ।साथै, आर्थिक वर्ष ०७६/७७ र आर्थिक वर्ष ०७७/७८ मा देखिएको विश्वव्यापी कोरोना महामारीका बाबजुद क्रमशः ३१.२३% र १५% बेरुजु सम्परीक्षण/फस्यौंट गर्न सफल भएको देखिन्छ भने पछिल्ला आर्थिक वर्षमा बेरुजु अङ्कको तुलनामा सम्परीक्षण अङ्क क्रमशः घट्दै गएको देखिन्छ। उक्त विषयलाई देहायअनुसार रेखाचित्रको माध्यमबाट प्रस्तुत गरिएको छ-

**रेखाचित्र प्रस्तुतिः सङ्घीय कार्यालयको बेरुजु अङ्क र सम्परीक्षण अङ्कको अवस्था (विगत १० वर्षको प्रवृत्ति प्रतिशतमा)**




चार्ट - २


**आर्थिक वर्ष २०८१/०८२ मा सबैभन्दा बढी रकमको बेरुजु फस्यौंट गर्ने पाँच मन्त्रालय तथा निकायहरूः**

(रकम रु.करोडमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | ६१ औं प्रतिवेदन सम्म कायम बेरुजु अङ्क | आर्थिक वर्ष २०८१/ ८२ मा फस्यौंट अङ्क | फस्यौंट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अर्थ मन्त्रालय | ११११५३ | १८९० | १६.९५ | |
| २. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ९०१ | ३४० | ३७.७४ | |
| ३. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ५३९७ | ३०६ | ५.६७ | |
| ४. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २५८६ | २४० | ९.२८ | |
| ५. | गृह मन्त्रालय | ३७० | २३४ | ६३.२४ | |

नोटः बेरुजु फस्यौंट अङ्कका आधारमा राखिएको ।

**रेखाचित्र प्रस्तुतिः आर्थिक वर्ष २०८१/०८२ मा सबैभन्दा बढी रकमको बेरुजु फस्यौंट गर्ने पाँच मन्त्रालय तथा निकायहरूः**





चार्ट - ३

**आर्थिक वर्ष २०८०/०८१ मा शून्य वा कम बेरुजु कायम भएका पाँच मन्त्रालय तथा निकायहरू-**

(रकम रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखापरीक्षण अङ्क | कायम बेरुजु अङ्क | बेरुजु प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय समावेशी आयोग | ३२६८३ | ० | ० | |
| २. | राष्ट्रिय दलित आयोग | ३४२८५ | ० | ० | |
| ३. | मुस्लिम आयोग | ३०३०३ | ० | ० | |
| ४. | मधेसी आयोग | ३५३८१ | ० | ० | |
| ५. | आदिवासी जनजाति आयोग | ३१४२६ | ७ | ०.०२ | |

**रेखाचित्र प्रस्तुतिः आर्थिक वर्ष २०८०/०८१ मा शून्य वा कम बेरुजु कायम भएका पाँच मन्त्रालय तथा निकायहरू-**




चार्ट - ४


### आर्थिक वर्ष २०८०/०८१ मा धेरै बेरुजु कायम भएका पाँच मन्त्रालय तथा निकायहरू:

(रकम रु.करोडमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखापरीक्षण अङ्क (६२औं प्रतिवेदन अनुसार) | कायम बेरुजु अङ्क (६२औं प्रतिवेदन अनुसार) | बेरुजु प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अर्थ मन्त्रालय | २४६७९२ | ३३७१ | १.३७ | |
| २. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १४४६ | ५०.२२ | ३.४७ | |
| ३. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ११५६० | ६४४ | ५.५७ | |
| ४. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १६५९ | २२.३१ | १.३५ | |
| ५. | स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालय | १२८९ | २३.६० | १.८३ | |

नोटः समिति र अन्य संस्थाको बेरुजु अङ्क समावेश नभएको ।

### रेखाचित्र प्रस्तुतिः आर्थिक वर्ष २०८०/०८१ मा धेरै बेरुजु कायम भएका पाँच मन्त्रालय तथा




चार्ट - ५

**बेरुजु फस्यौंटमा देखिएका चुनौतीहरूः**

- कार्ययोजनाबमोजिमको ६० प्रतिशत लक्ष्य प्राप्त गर्नु,
- विभागीय प्रमुख, कार्यालय प्रमुख वा बेरुजुको विषय हेर्ने कर्मचारीलाई बेरुजु फस्यौंट कार्यमा उत्प्रेरित बनाई राख्ने,
- **NAMS** प्रणालीबाट तदारुकताका साथ सम्परीक्षण हुने विषय,
- जेन-जी आन्दोलनपछि लेखा स्रेस्ता जलेको वा नष्ट भएको अवस्थामा श्रेस्ता कायम गर्ने र सम्परीक्षण गर्ने विषय,
- कानूनमा भएका प्रावधान अनुसारको मिनाहा समिति र कतिपय अवस्थामा मन्त्रिपरिषद्मा लगेर निर्णय गर्ने विषय,
- सोधभर्ना, रकमान्तर र खर्च समर्थन लगायतका विषयमा जोखिमरहित निर्णय गर्ने विषय,
- **NAMS** बाट सम्परीक्षण भएको पत्रको बोधार्थ पत्र प्राप्त नहुँदा लगत अद्यावधिक हुन नसकेको विषय,
- महालेखापरीक्षकबाट प्रकाशित विभिन्न वार्षिक प्रतिवेदन उपर सङ्घीय संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने र सम्परीक्षण गराउने विषय,
- सार्वजनिक लेखा समितिबाट वार्षिक प्रतिवेदनसम्बन्धी निर्णय कार्यान्वयन गर्ने विषय,
- महालेखापरीक्षकको सालबसाली लेखापरीक्षण कार्यक्रममा सरोकारवालाहरूको सार्थक सहभागिता गराउने विषय,
- बेरुजु फस्यौंट तथा सम्परीक्षण कार्यलाई लेखा उत्तरदायी अधिकृत र जिम्मेवार कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने विषय र
- सङ्घ, प्रदेश र स्थानीय तहको वार्षिक लेखापरीक्षण पश्चात बेरुजु फस्यौंटको कामलाई प्राथमिकतामा राखेर कार्य सम्पादन गर्ने विषय प्रमुख चुनौती र समस्याका रूपमा रहेका छन्।

**बेरुजु फस्यौंटको लागि विभिन्न निकायले गर्नुपर्ने कामहरूः**

- बेरुजु नै नआउने गरी आर्थिक कारोबार सञ्चालन गर्ने र बेरुजु भएमा बेरुजु फस्यौंटको कार्यलाई उच्च प्राथमिकता दिई काम गर्नुपर्ने।

- महालेखापरीक्षकको लगतसँग मन्त्रालय वा निकाय र विभागको लगत भिडान गर्नुपर्ने।
- सोधभर्नाको विषय, साविकको स्थानीय तहमा प्रवाह भएको ऋण तथा निजीकरण भएका संस्थान एवं संस्थानको लगानी हिसाब सम्बन्धमा स्पष्ट निर्णय लिनुपर्ने।
- बेरुजु फस्यौंट अनुगमन समितिको लागि **NAMS** सँग आवद्धता हुनेगरी सूचना प्रविधिमा आधारित प्रणाली विकास गर्नुपर्ने।
- बेरुजु  फस्यौंट अनुगमन समितिमा विज्ञ कर्मचारी दरबन्दी सिर्जना गरी पदपूर्ति गर्ने र बेरुजु फस्यौंटमा संलग्न कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने।
- मन्त्रालय तथा विभागको संयुक्त टिम बनाई कार्यक्षेत्रमा खटाउने र बेरुजु फस्यौंटको प्रमाण सङ्कलन गर्ने।
- कानूनबमोजिम गठन भएका समितिले नियमित रूपमा बैठक बसी बेरुजु फस्यौंट र मिनाहा गर्ने।
- **NAMS** प्रणालीमा तालुक विभाग र मन्त्रालयहरूलाई बेरुजु फस्यौंट अनुगमनका लागि सहज पहुँच उपलब्ध हुने व्यवस्था गर्नुपर्ने।
- महालेखापरीक्षकद्वारा बेरुजु फस्यौंट तथा सम्परीक्षण कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुपर्ने।
- सार्वजनिक लेखा समितिबाट पेश भएको वार्षिक प्रतिवेदनसम्बन्धी निर्णयको वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने।
- महालेखापरीक्षकको सालबसाली लेखापरीक्षण कार्यक्रममा सरोकारवालाहरूको सार्थक सहभागिता सुनिश्चित गराई प्रत्यक्ष जवाफदेहिता सुनिश्चित गर्नुपर्ने र
- बेरुजु फस्यौंट तथा सम्परीक्षण कार्यलाई लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्न मौजुदा कानूनमा समसामयिक सुधार गर्नुपर्नेछ।

**बेरुजु फस्यौंट अनुगमन समितिमा कार्यरत जनशक्तिः**

१. शाखा अधिकृत श्री माधव प्रसाद पौडेल - १
२. नायब सुब्बा श्री रंगलाल पोखरेल - १
३. कम्प्युटर अपरेटर श्री लक्ष्मण खरेल - १

अनुसूची - १०

नेपाल सरकार

वेरूजु फस्यौंट अनुगमन समिति

मन्त्रालय/निकायगत वेरूजुको अवस्था  आर्थिक वर्ष २०८१/८२

रकम रु. हजारमा

| क्र.सं. | मन्त्रालय/निकाय | जम्मा बेरूजू लगत ६१औं प्रतिवेदन सम्म | | | | आ. व. ०८१/८२ सम्ममा फस्यौंट | | | | प्रगति प्रतिशत | फस्यौंट भई बाँकी बेरुजु | ६२ औं प्रतिवेदनबाट थप | जम्मा | म्याद नाघेको पेश्की आ.व.०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पेश्की | नियमित | असूल | जम्मा | पेश्की | नियमित | असूल | जम्मा | | | | | |
| 1 | अर्थ मन्त्रालय | ४०,६५५.०० | ८०,०९५,०७७.०० | ३१,३९२,८७५.०० | १११,५२८,६०७.०० | - | १५,५७४,०७८.०० | ३,३२४,४३२.०० | १८,८९८,५१०.०० | १६.९४ | ९२,६३०,०९७.०० | ३३,७४३,७६०.०० | १२६,३७३,८५७.०० | १,०१२.०० |
| 2 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १८,२२२,३८०.०० | १९,१०१,४०१.०० | १६,६५१,०१०.०० | ५३,९७४,७९१.०० | १,६६०,१७६.०० | ५७४,८६५.०० | ८२४,६३४.०० | ३,०५९,६७५.०० | ५.६७ | ५०,९१५,११६.०० | ६,४४७,३५५.०० | ५७,३६२,४७१.०० | ९९८,०८५.०० |
| 3 | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | १,९६३,४१५.०० | ३१,४८६,४९५.०० | १,१७१,४५४.०० | ३४,६२१,३६४.०० | - | ६१०,३४५.०० | १०५.०० | ६१०,४५०.०० | १.७६ | ३४,०१०,९१४.०० | ३,११३,४८५.०० | ३७,१२४,३९९.०० | १३१,१८२.०० |
| 4 | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ८,४४३,४२३.०० | ५,४०४,८६४.०० | ४,४२९,४६१.०० | १८,२७७,७४८.०० | २४,९५८.०० | ५२४,२५७.०० | ५९,७५७.०० | ६०८,९७२.०० | ३.३३ | १७,६६८,७७६.०० | १५०,३५९.०० | १७,८१९,१३५.०० | १०,५८७.०० |
| 5 | खानेपानी मन्त्रालय | १,५३६,२७९.०० | ६,०६०,८७६.०० | ३,४८२,६८९.०० | ११,०७९,८४४.०० | ८०४,१९४.०० | ६९७,७४७.०० | ८१,८३२.०० | १,५८३,७७३.०० | १४.२९ | ९,४९६,०७१.०० | ४०३,९२४.०० | ९,८९९,९९५.०० | ४३,९७४.०० |
| 6 | शहरी विकास मन्त्रालय | ३,७४५,४३५.०० | ५,७२२,९००.०० | १,३१०,१४५.०० | १०,७७८,४८०.०० | ३७२,४०५.०० | २०४,४८१.०० | ४८,०२१.०० | ६२४,९०७.०० | ५.८० | १०,१५३,५७३.०० | ७०२,०८१.०० | १०,८५५,६५४.०० | ८१,६०८.०० |
| 7 | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५,८७४,१२९.०० | १५,९६०,२६०.०० | ४,०२०,७०४.०० | २५,८५५,०९३.०० | ९८९,५०५.०० | ९९३,८२९.०० | ४१४,४०२.०० | २,३९७,७३६.०० | ९.२७ | २३,४५७,३५७.०० | १,७०९,५६४.०० | २५,१६६,९२१.०० | २६७,८२७.०० |
| 8 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १४२,७६६.०० | ५,७२५,२२१.०० | ५,९७०,३०४.०० | ११,८३८,२९१.०० | २६,४६९.०० | ४३७,२००.०० | ४५,०६७.०० | ५०८,७३६.०० | ४.३० | ११,३२९,५५५.०० | १,५०६,४७१.०० | १२,८३६,०२६.०० | १७७.०० |
| 9 | कृषि तथा पशुपंछी विकास मन्त्रालय | ८२३,९०२.०० | २,२५६,७००.०० | ५,९२६,२२१.०० | ९,००६,८२३.०० | १८३,२२२.०० | ४६९,२७१.०० | २,७४५,४०८.०० | ३,३९७,९०१.०० | ३७.७३ | ५,६०८,९२२.०० | २३०,८११.०० | ५,८३९,७३३.०० | ४४,७०६.०० |
| 10 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १६८,९८१.०० | १,१०९,५६२.०० | १६,४४५,४४३.०० | १७,७२३,९८६.०० | - | १२,७००.०० | ५६२,८५८.०० | ५७५,५५८.०० | ३.२५ | १७,१४८,४२८.०० | ७,०९८,७६३.०० | २४,२४७,१९१.०० | १,४७९.०० |
| 11 | रक्षा मन्त्रालय | २,४६८,२८५.०० | ६१५,१४१.०० | ७०५,४५१.०० | ३,७८८,८७७.०० | १,६५२,७२७.०० | २१४,८३७.०० | २८७,३१४.०० | २,१५४,८७८.०० | ५६.८७ | १,६३३,९९९.०० | १,७०६,९२५.०० | ३,३४०,९२४.०० | १४,०६२.०० |
| 12 | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | १,४७२,०८५.०० | २,३१९,४६९.०० | १,१९९,०१५.०० | ४,९९०,५६९.०० | ८४३,०५७.०० | ८४४,८६०.०० | ६९,११३.०० | १,७५७,०३०.०० | ३५.२१ | ३,२३३,५३९.०० | १,०९०,७२०.०० | ४,३२४,२५९.०० | ३१४,९१५.०० |
| 13 | वन तथा वातावरण मन्त्रालय | १४१,२९४.०० | १,५६२,४०२.०० | २५२,२५८.०० | १,९५५,९५४.०० | २,७६७.०० | ५१,२००.०० | २,८८९.०० | ५६,८५६.०० | २.९१ | १,८९९,०९८.०० | ९८,८६१.०० | १,९९७,९५९.०० | ४७,२१३.०० |
| 14 | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | १४७,७३१.०० | ३,०५१,६७७.०० | १,६८६,१२१.०० | ४,८८५,५२९.०० | - | ३२३,९९८.०० | १५६,९०८.०० | ४८०,९०६.०० | ९.८४ | ४,४०४,६२३.०० | २८०,४४६.०० | ४,६८५,०६९.०० | १,४८६.०० |
| 15 | गृह मन्त्रालय | १,४५२,९९०.०० | १,५४२,१५८.०० | ७०१,३७५.०० | ३,६९६,५२३.०० | १,२६८,९७३.०० | ५७७,९९७.०० | ४९५,५८२.०० | २,३४२,५५२.०० | ६३.३७ | १,३५३,९७१.०० | ११६,६९८.०० | १,४७०,६६९.०० | ३८,११६.०० |
| 16 | परराष्ट्र मन्त्रालय | ३२२,५९४.०० | १,०३५,०४०.०० | ५९८,३००.०० | १,९५५,९३४.०० | ८७.०० | - | ८,०७७.०० | ८,१६४.०० | ०.४२ | १,९४७,७७०.०० | १,०५५,०८१.०० | ३,००२,८५१.०० | १,५९६.०० |
| 17 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६४,४३९.०० | १,८३४,००५.०० | ३३९,०२५.०० | २,२३७,४६९.०० | - | - | - | - | - | २,२३७,४६९.०० | ५९५,७७०.०० | २,८३३,२३९.०० | २८४.०० |
| 18 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६,२२७.०० | १६३,८०३.०० | १२८,५४२.०० | २९८,५७२.०० | २०२.०० | ३,१३८.०० | १,३५२.०० | ४,६९२.०० | १.५७ | २९३,८८०.०० | ५५,६८१.०० | ३४९,५६१.०० | - |
| 19 | सर्वोच्च अदालत | ६५,१९४.०० | ८६,४३७.०० | ६०,३८५.०० | २१२,०१६.०० | ३५,९३३.०० | २८,७५०.०० | २८,६२८.०० | ९३,३११.०० | ४४.०१ | ११८,७०५.०० | २०,२१९.०० | १३८,९२४.०० | ५३८.०० |
| 20 | निर्वाचन आयोग, नेपाल | ३,५७५.०० | ३१,८६७.०० | ७९,४३२.०० | ११४,८७४.०० | - | ३,३३४.०० | - | ३,३३४.०० | २.९० | १११,५४०.०० | ११०,६९८.०० | २२२,२३८.०० | - |
| 21 | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १६,७७४.०० | १२१,३९८.०० | ३८,९५७.०० | १७७,१२९.०० | - | ४३,४२८.०० | - | ४३,४२८.०० | २४.५२ | १३३,७०१.०० | ५१,२७५.०० | १८४,९७६.०० | ४००.०० |
| 22 | युवा तथा खेलकुद मन्त्रालय | १५,४९२.०० | २०८,२८०.०० | ४,७७१.०० | २२८,५४३.०० | - | २,०००.०० | ३०.०० | २,०३०.०० | ०.८९ | २२६,५१३.०० | ३६६,५३८.०० | ५९३,०५१.०० | ३४,०७६.०० |
| 23 | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २१७,१००.०० | ९७६,९४३.०० | १०,४९२.०० | १,२०४,५३५.०० | - | ३९०,७४२.०० | २०७.०० | ३९०,९४९.०० | ३२.४६ | ८१३,५८६.०० | ७००,०६८.०० | १,५१३,६५४.०० | १०३,६९७.०० |
| 24 | महान्यायाधिवक्ताको कार्यालय | २,५७१.०० | ४४,९९४.०० | ९,२४४.०० | ५६,८०९.०० | - | - | - | - | - | ५६,८०९.०० | ४,५९२.०० | ६१,४०१.०० | १९.०० |
| 25 | सङ्घीय संसद सचिवालय | ५,२३९.०० | ९,४८१.०० | ९,९१८.०० | २४,६३८.०० | - | - | - | - | - | २४,६३८.०० | १,४८५.०० | २६,१२३.०० | - |
| 26 | राष्ट्रिय योजना आयोग | १,०००.०० | २९,६०४.०० | - | ३०,६०४.०० | - | - | - | - | - | ३०,६०४.०० | - | ३०,६०४.०० | - |
| 27 | राष्ट्रिय महिला आयोग | - | ४९,१६०.०० | १३०.०० | ४९,२९०.०० | - | - | - | - | - | ४९,२९०.०० | - | ४९,२९०.०० | - |
| 28 | राष्ट्रिय मानव अधिकार आयोग | ९२.०० | ३,६२२.०० | ४४२.०० | ४,१५६.०० | - | - | - | - | - | ४,१५६.०० | १,५०३.०० | ५,६५९.०० | - |
| 29 | कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय | - | २,६५५.०० | ५१३.०० | ३,१६८.०० | - | १,९३२.०० | ३०७.०० | २,२३९.०० | ७०.६८ | ९२९.०० | १३.०० | ९४२.०० | - |
| 30 | लोकसेवा आयोग | - | ३,४०८.०० | २२५.०० | ३,६३३.०० | १०.०० | २७५.०० | - | २८५.०० | ७.८४ | ३,३४८.०० | | ३,३४८.०० | - |
| 31 | आदिबासी जनजाती आयोग | ६२.०० | ७८८.०० | ५६.०० | ९०६.०० | - | - | - | - | - | ९०६.०० | ७.०० | ९१३.०० | - |
| 32 | मधेशी आयोग | ३०.०० | ७०४.०० | - | ७३४.०० | - | ७०४.०० | - | ७०४.०० | ९५.९१ | ३०.०० | - | ३०.०० | - |
| 33 | मुस्लिम आयोग | - | ५६६.०० | २३.०० | ५८९.०० | - | - | १५.८५ | १५.८५ | २.६९ | ५७३.१५ | - | ५७३.१५ | - |
| 34 | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - | - | - | - | - | - | - | - | - | - | | - | - |
| 35 | न्याय परिषद् सचिवालय | - | - | - | - | - | - | - | - | - | - | | - | - |
| 36 | राष्ट्रपतिको कार्यालय | - | - | - | - | - | - | - | - | - | - | | - | - |
| 37 | उपराष्ट्रपतिको कार्यालय | - | - | - | - | - | - | - | - | - | - | | - | - |
| 38 | महालेखापरीक्षकको कार्यालय | - | - | - | - | - | - | - | - | - | - | | - | - |
| 39 | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | - | - | - | - | - | - | - | - | - | - | | - | - |
| 40 | राष्ट्रिय दलित आयोग | - | १३६.०० | ३१.०० | १६८.०० | - | - | - | - | - | १६८.०० | | १६८.०० | - |
| 41 | थारु आयोग | - | १,३८१.०० | - | १,३८१.०० | - | - | - | - | - | १,३८१.०० | | १,३८१.०० | - |
| 42 | राष्ट्रिय समावेशी आयोग | - | - | २६.०० | २६.०० | - | - | - | - | - | २६.०० | | २६.०० | - |
| | जम्मा | ४७,३६४,१३९.०० | १८६,६१८,४७५.०० | ९६,६२५,०३८.०० | ३३०,६०७,६५३.०० | ७,८६४,६८५.०० | २२,५८५,९६८.०० | ९,१५६,९३८.८५ | ३९,६०७,५९१.८५ | ११.९८ | २९१,०००,०६१.१५ | ६१,३६३,१५३.०० | ३५२,३६३,२१४.१५ | २,१३७,०३९.०० |

अनुसूची - १००

**सार्वजनिक लेखा समितिमा भएको मन्त्रालयगत/निकायगत बेरुजु छलफलको अवस्था**

| सि.न. | मन्त्रालय/निकाय | बेरुजु फस्यौटको अवस्था | समिति गठन भएपछिको छलफल |
|---|---|---|---|
| १. | सङ्घीय संसद सचिवालय | • मलेपको ५८औं वार्षिक प्रतिवेदन सम्म छलफल समाप्त | • ५९ र ६० औं छलफल सम्पन्न भएको। |
| २. | सर्वोच्च अदालत | • ४७औं देखि ५१औं प्रतिवेदन सम्मको रेकर्ड नभेटिएको<br>• ५२औं प्रतिवेदनको छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५३ औं र ५४ औं बेरुजु नभएको<br>• ५५ औं र ५६ औं प्रतिवेदनको छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७ औं देखिको छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | • बेरुजु नभएको | |
| ४. | महालेखापरीक्षकको कार्यालय | | • ६० औं छलफल सम्पन्न भएको। |
| ५. | लोकसेवा आयोग | • ४७ औं रेकर्डमा नभेटिएको<br>• ४८-५५औं बेरुजु नभएको<br>• ५६ औं देखि ५८ सम्मको छलफल बाँकी | • ५९ र ६० औं छलफल सम्पन्न भएको। |
| ६. | निर्वाचन आयोग | • ४७ औं र ४८औं रेकर्डमा नभेटिएको<br>• ४९-५७औं छलफल समाप्त भई प्रकाशित ५८ औं बाँकी | • ५९ र ६० औं छलफल सम्पन्न भएको। |
| ७. | राष्ट्रिय मानव अधिकार आयोग | • ४७-४९औं रेर्कडमा नभेटिएको<br>• ५०-५५औं बेरुजु नभएको<br>• ५६औं छलफल बाँकी<br>• ५७औं बेरुजु नभएको | • ५९ औ र ६० औं छलफल सम्पन्न भएको। |
| ८. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | • ४७-५६औं सम्मको बेरुजु नभएको<br>• ५७ देखि ५९औं सम्म छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ९. | राष्ट्रिय महिला आयोग | • ४७-५६औं सम्मको बेरुजु नभएको<br>• ५७औं देखि ५८ औं को छलफल बाँकी | • ५९ र ६० औं छलफल सम्पन्न भएको। |
| १०. | राष्ट्रिय दलित आयोग | | • ६० औं छलफल सम्पन्न भएको। |
| ११. | समावेशी आयोग | | • ६० औं छलफल सम्पन्न भएको। |
| १२. | आदिवासी जनजाति आयोग | | • ६० औं छलफल सम्पन्न भएको। |

| सि.न. | मन्त्रालय/निकाय | बेरुजु फस्यौंटको अवस्था | समिति गठन भएपछिको छलफल |
|---|---|---|---|
| १३. | मधेशी आयोग | | • ६० औं छलफल सम्पन्न भएको। |
| १४. | थारु आयोग | | • ५९ र ६० औं छलफल सम्पन्न भएको। |
| १५. | मुस्लिम आयोग | | • ६० औं छलफल सम्पन्न भएको। |
| १६. | महान्यायाधिवक्ताको कार्यालय | • ४७औं रेकर्डमा नभेटिएको<br>• ४८-५०औं बेरुजु नभएको<br>• ५१ छलफल भई प्रकाशित<br>• ५२,५३,५५ औं बेरुजु नभएको<br>• ५४, ५६ औं छलफल बाँकी<br>• ५७ औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित। ५८ औं बाँकी। | • ५९ र ६० औं छलफल सम्पन्न भएको। |
| १७. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • ४७-५१ औं रेकर्डमा नभेटिएको<br>• ५२-५५ औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५६ औं देखिको छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| १८. | अर्थ मन्त्रालय | • ४७ र ४८ औं रेकर्डमा नभेटिएको<br>• ४९ औं को बुँदा नं. ८३र ८४ मात्र छलफल<br>• ५० औं को बुँदा नं. ८८.१ मात्र छलफल<br>• ५१ औं मा बुँदा नं. ४४ मात्र छलफल<br>• ५२ औं मा बुँदा नं. ३४.३, ५५.१, ५५.२ र ८८.२ मात्र छलफल<br>• ५३-५८ औं छलफल समाप्त र ५९ औं बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| १९. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | • ४७-५५ औं रेर्कडमा नभेटिएको<br>• ५६ औं बुँदा नं. २२ देखि ४४ सम्म समाप्त(१-२१ सम्म उद्योगतर्फको बाँकी<br>• ५७-५९ बाँकी | • ६० औं को बुँदा नं ४४ सम्म छलफल भएको। |
| २०. | उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | • ४७-५४औं रेर्कडमा नभेटिएको<br>• ५५औंको सिँचाई तर्फको बुँदा नं. १-६ सम्म मात्र समाप्त<br>• ५६औं समाप्त<br>• ५७औं को छलफल बाँकी<br>• ५८औं को बुँदा १-१६ सम्म मात्र छलफल समाप्त | • ६० औं को बुँदा नं ३६ सम्म छलफल भएको। |
| २१. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | • ४७-५२औं सम्म रेर्कडमा नभेटिएको<br>• ५३-५८औं सम्म छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| २२. | कृषि तथा पशुपन्छी विकास | • ४७-५४औं रेकर्डमा नभेटिएको | • ६० औं छलफल सम्पन्न भएको। |

| सि.न. | मन्त्रालय/निकाय | बेरुजु फस्यौंटको अवस्था | समिति गठन भएपछिको छलफल |
|---|---|---|---|
| | मन्त्रालय | • ५५औं प्रतिवेदनको तत्कालीन कृषि विकासतर्फको बुँदा न. १ देखि ४५ सम्म छलफल समाप्त भई प्रकाशित(तत्कालीन पशुपन्छी विकास मन्त्रालयतर्फको बाँकी<br>• ५६, ५७ र ५९औं छलफल बाँकी<br>• ५८औं छलफल सम्पन्न भई प्रतिवेदमा प्रकाशित | |
| २३. | खानेपानी मन्त्रालय | • ५१औं प्रतिवेदनको बुँदा न. ४३ मात्र छलफल भई प्रकाशित<br>• ५२औं प्रतिवेदनको बुँदा नं. १४ देखि २२ सम्म र ३० देखि ८१ सम्म छलफल भई प्रकाशित<br>• ५३औं को बुँदा नं. १५ देखि ६२ सम्म छलफल समाप्त भई प्रकाशित<br>• ५४ र ५५ औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५८औं को बुँदा नं. १ देखि २४.२ सम्म मात्र छलफल भई प्रतिवेदनमा प्रकाशित र अन्य छलफल बाँकी<br>• ५६ र ५७ औं छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| २४. | गृह मन्त्रालय | • ४७-५१औं रेकर्डमा नभेटिएको<br>• ५२औं को छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५३ र ५४औं रेकर्डमा नभेटिएको<br>• ५५ र ५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७ औं देखिको छलफल बाँकी | |
| २५. | परराष्ट्र मन्त्रालय | • ४७-५१औं रेकर्ड नभेटिएको<br>• ५२-५८औं सम्म छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५९औं बाँकी । | • ६० औं छलफल सम्पन्न भएको। |
| २६. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • ५६-५७औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५८ र ५९ औं बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| २७. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • ४७-५४औं रेकर्ड नभेटिएको<br>• ५५ र ५६औं छलफल समाप्त भई प्रतिवेदनमा | • ६० औं छलफल सम्पन्न भएको। |

| सि.न. | मन्त्रालय/निकाय | बेरुजु फस्यौंटको अवस्था | समिति गठन भएपछिको छलफल |
|---|---|---|---|
| | | प्रकाशित<br>• ५७ र ५९ छलफल बाँकी<br>• ५८औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित | |
| २८. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • ४७-५१औं रेकर्ड नभेटिएको<br>• ५२-५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७औं देखि छलफल बाँकी रहेको | • ६० औं १२ बुँदासम्म छलफल। |
| २९. | युवा तथा खेलकुद मन्त्रालय | • ४७-५४औं रेकर्ड नभेटिएको<br>• ५५औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५६औं देखिको छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ३०. | रक्षा मन्त्रालय | • ४७-५५औं रेकर्ड नभेटिएको<br>• ५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित | • ५७औं देखि ६०औं सम्मको छलफल सम्पन्न भएको। |
| ३१. | वन तथा वातावरण मन्त्रालय | • ४७-५२औं रेकर्ड नभेटिएको<br>• ५३ र ५४औं को तत्कालीन वन तर्फको छलफल समाप्त भई प्रकाशित<br>• ५५ औंको तत्कालीन वन तर्फको बुँदा नं. १ देखि ३५ सम्मको छलफल समाप्त भई प्रकाशित<br>• ५६, ५७ र ५८औंको छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५९ औं छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ३२. | शहरी विकास मन्त्रालय | • ४७-५२औं छलफल समाप्त भएको<br>• ५३ औं देखिको छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ३३. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • ४७-५४औं सम्म रेर्कड नभेटिएको<br>• ५५ औंको शिक्षा मन्त्रालयको बुँदा नं. ११ सम्ममात्र छलफल भई प्रकाशित<br>• ५६औं छलफल भई प्रकाशित र ५७औं देखिको छलफल बाँकी | • ६० औं को बुँदा नं ४० सम्म छलफल भएको। |
| ३४. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • ४७-५१ रेकर्ड नभेटिएको<br>• ५२-५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७औं छलफल बाँकी<br>• ५८औं छलफल समाप्त भई प्रतिवेदनमा | • ६० औं छलफल सम्पन्न भएको। |

| सि.न. | मन्त्रालय/निकाय | बेरुजु फस्योंटको अवस्था | समिति गठन भएपछिको छलफल |
|---|---|---|---|
| | | प्रकाशित। ५९ औं छलफल बाँकी | |
| ३५. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | • ४७-५५औं रेकर्ड नभेटिएको<br>• ५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७औं देखि छलफल बाँकी | • ६० औं को दफा ३८ सम्म छलफल भएको। |
| ३६. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • ४७-५५ औं रेकर्ड नभेटिएको<br>• ५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७औं देखिको छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ३७. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • ४७-५७औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५८ औंको बुँदा नं. १२ सम्म मात्र छलफल भई प्रकाशित | • ६०औं को बुँदा नं ७५ सम्म छलफल भएको |
| ३८. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • ४७-५४औं रेर्कड नभेटिएको<br>• ५५-५६औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५७ औंको दफा नं. ९५-११८, १२७-१३३ र १४८-१५३ सम्मको छलफल बाँकी रहेको। अन्य छलफल भई प्रकाशित<br>• ५८ औं र ५९ छलफल बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |
| ३९. | राष्ट्रिय योजना आयोग | • ४७ औं रेकर्ड नभेटिएको<br>• ४८-५१औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५२-५३औं बेरुजु नभएको<br>• ५४औं रेकर्ड नभेटिएको<br>• ५५औं छलफल समाप्त भई प्रतिवेदनमा प्रकाशित<br>• ५६औं देखिको छलफल गर्न बाँकी | • ६० औं छलफल सम्पन्न भएको। |

स्रोतः सङ्घीय संसदको सार्वजनिक लेखा समितिबाट प्राप्त जानकारीको आधारमा तयार गरिएको ।